चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम ।

प.सं.- २०८१।०८२
च.नं -

कोशी प्रदेश, नेपाल

**सूचना प्रकाशित मिति - २०८२।०२।१८**

**विषय – तह बृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारद्वारा जारी **स्थानीय सरकारी सेवा ( गठन तथा संचालन ) ऐन २०८०** को दफा २७ को उपदफा ३ तथा चुलाचुली गाउँपालिकाको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका यस गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**उम्मेद्वारले दरखास्त दिदा ध्यान दिनुपर्ने कुराहरुः**

१. चुलाचुली गाउँपालिकाको तहवृद्धि सम्बन्धी कार्यविधि, २०८० को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

२. आवश्यक कागजातहरु

- पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम अनुमोदन गरिएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
- सेवा अवधि पुष्टि गर्ने नियुक्ति / बढुवा नियुक्तिको प्रतिलिपि,
- समायोजन भई आएका कर्मचारीको हकमा स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
- विभागीय सजाय नभएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयबाट गरिएको सिफारिस पत्र,
- जुन तहमा तहवृद्धि हुने हो सो तहभन्दा मुनिको पदमा खुला प्रतियोगिताका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता प्रमाणित प्रतिलिपिहरु,
- पेशा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि, (आवश्यक हुनेको हकमा)
- समितिले तोकेको अन्य कागजातहरु,

३. कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको हकमा समायोजन पूर्वको सेवा समूह समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ।

**द्रष्टव्य**

१) मिति २०८२ साल असार मसान्त सम्ममा ५ वर्ष सेवा अवधि पुरा हुने, पाँचौ, सातौं र नवौं तहका कर्मचारीहरुले तहवृद्धिका लागि तोकिएको समयमा निवेदन दिइसक्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत